नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८१।०८२

चलानी नं. १४१

मितिः २०८१।९।२८

**विषयः स्थानीय तहका मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणाली (LISA, FRA, LED) को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ/नगर कार्यपालिकाको कार्यालय (सबै)।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषयक्षेत्र, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनका लागि विभिन्न मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणालीहरु कार्यान्वयनमा रहेका छन् । सो सम्बन्धमा मूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । उपरोक्त व्यवस्था कार्यान्वयनको चरणमा हालसम्म केही स्थानीय तहबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा सार्वजनिक भईसके पनि केही स्थानीय तहबाट सार्वजनिक हुन बाँकि रहेको देखिएको छ । हाल सो नतिजा सार्वजनिक गर्ने प्रणालीहरुमा प्राविधिक समस्या देखिएको हुनाले उक्त प्रणाली मिति २०८१/१०/२९ रातको १२:०० बजे पछि मात्र बन्द हुने गरी आवश्यक व्यवस्था गरिएको व्यहोरा जानकारी गराईन्छ। तसर्थ, नतिजा सार्वजनिक गर्न बाँकी रहेका स्थानीय तहले सो समयभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा सार्वजनिक गरी सुशासन कायम गर्ने कार्यलाई प्राथमिकता दिनुहुन यस मन्त्रालयको मिति २०८१/०९/२८ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

९/२८

(दीपेश कट्टेल)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री जिल्ला समन्वय अधिकारीज्यू, जिल्ला समन्वय समिति (सबै): आवश्यक समन्वय र सहजीकरण हुन।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरण हुन।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।